# शाही कदम प्रति देशका पत्रहरूको हर्षोद्गार

1
G

श्री ५ को सरकार, प्रचार तथा प्रसार विभाग ।
सिंहदरवार सचिवालय, काठमाडौं,

# शाही कदम प्रति देशका पत्रहरूको हर्षोद्‌गार

११ पौष, २०१७

श्री ५ को सरकार, प्रचार तथा प्रसार विभाग,
सिंहदरबार सचिवालय, नेपाल ।

[illegible]

੧੧ ਜੂਨ, ੨੦੧੭

[illegible]

# श्री ५ महाराजाधिराजबाट राष्ट्रको नाउंमा बक्सेको घोषणा

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत ओजस्वी राजन्य प्रोज्ज्वल नेपाल तारा अति ओजस्वी त्रिभुवन-प्रजातन्त्र श्रीपद ॐ रामपट्ट अतुल ज्योतिर्मय त्रिशक्ति पट्ट अतिप्रवल गोरखादक्षिणबाहु महाधिपति फिल्ड मार्शल र सर्वोच्च कम्याण्डर इनचीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्र वीर विक्रम जङ्गबहादुर शाहबहादुर शम्शेर जङ्ग देवानाम् सदा समर विजयिनाम् ।

आगे प्यारा प्रजा गैह्र के यथोचित,

जनताले छानेका प्रतिनिधिहरूले नै देशप्रति ज्यादा जिम्मेवारी महसूस गरी प्रजातन्त्रको जग मजबूत हुने वातावरण पैदा गर्दछन् र देशमा स्थिरता आई विकास द्रुतगतिले हुन्छ भन्ने विश्वास लिई करीब २ वर्ष अघि देशमा आम-चुनाउ गराएको सबैमा विदितै छ। फलस्वरूप नेपाली कांग्रेस बहुमतमा आयो र जनताको विश्वास प्राप्त गरेको पार्टीलाई नै संविधान अनुसार शासनभार सुम्पी देशप्रतिको जिम्मेवारीको हिस्सेदार बनाउन पाउंदा अत्यन्तै सन्तोष लाग्नुको साथै केही वर्षदेखि देशमा भएको अस्थिरताले हामीमा पैदा गरेको चिन्ता हराउनु पनि स्वाभाविकै कुरा भएको थियो।

त्यसपछि देशमा घटेको परिस्थितिको अध्ययन गरी हामीबाट समय समयमा जनप्रतिनिधिहरू र सरकारमा रहेका व्यक्तिहरूलाई समेत कर्तव्यबाट च्युत नहुने संकेत गरेको कुरा पनि सबैले सम्झेकै हुनुपर्छ। प्रजातन्त्रपद्धति अनुसार छानिएका प्रतिनिधिहरूद्वारा जनता र सरकारको बीचमा भएको भ्रमात्मक वातावरण राम्रोसंग सुल्झाई राष्ट्रको हित र विकास गर्ने पूरा कोशिश हुनेछ भन्ने सबैले आशा एवं विश्वास राखेका

थिए, तर ठीक त्यसको उल्टो प्रजातन्त्रपद्धतिको आडमा राष्ट्र र जनतालाई एकातिर पन्छाई व्यक्तिगत र दलगत स्वार्थपूर्ति गर्नका लागि अधिकार प्रयोग गरियो ।

ऐन कानूनको मर्यादा नराखी छिटो, छरितो र योग्य बनाउने नाममा यो मन्त्रिमण्डलले देशको प्रशासन यन्त्र निष्क्रिय र आधारहीन बनाउने चेष्टामा लाग्यो । अधिकार दुरुपयोग हुंदा भ्रष्टाचार बढ्नको साथै अनेकन् भ्रान्ति पैदा गराई प्रशासन यन्त्रमा पनि शिथिलता उत्पन्न भई देशमा शान्ति सुरक्षा कायम राख्न यो मन्त्रिमण्डल बिल्कुल असमर्थ भएकोले, र अराष्ट्रिय तत्वहरूले धेरै मात्रामा प्रोत्साहन पाई राष्ट्रिय एकतामा समेत वाधा पुऱ्याउने वातावरण आउन लागेको पनि कसैमा नछिपेको तथा वैज्ञानिक विश्लेषण र वस्तुस्थितिको अध्ययन बिना कोरा सिद्धान्तका आधारमा उठाइएका आर्थिक कदमहरूले समाजमा चाहिने परिवर्तनको सट्टा जनतामा अशान्त र दूषित वातावरण मात्र पैदा गरेकोले,

राष्ट्रको हित तथा प्रजातन्त्र कै निमित्त पनि देशमा यस्तो स्थिति धेरै समयसम्म रहन दिनु उचित नभएकोले,

देशको एकता, राष्ट्रियता र सार्वभौमिकता बचाउने, देशमा अमन चैन कायम राख्ने र देशलाई कुनै कारण-बाट पनि बिग्रंदो स्थितिबाट बचाउने अन्तिम जिम्मे-वारी पनि हामी मै भएकोले,

उपरोक्त वातावरण हटाई शान्ति सुरक्षा कायम राख्न र देशलाई संक्रमण स्थितिबाट बचाउन विशेष व्यवस्थाको जरूरत पर्न आएकोले तथा देश र जनताको हितलाई मात्र ध्यानमा राखी संविधानको धारा ५५ को अधिकार प्रयोग गरी यो मन्त्रिमण्डल र संसद्का दुबै सदनहरू समेत हामीबाट आज यो घोषणा-द्वारा विघटन गरिबक्सेका छौं। कुनै नयां व्यवस्था गर्न केही समय लाग्ने हुंदा अर्को व्यवस्था नभएसम्म मुलुकको शासनभार हामीबाटै स्वयं ग्रहण गरिबक्सेका छौं।

हाललाइ यस घोषणाद्वारा संविधानका देहायका धाराहरू निलम्बन गरिबक्सेका छौं:–

भाग २ (दुइ) का सबै धाराहरू।

भाग ३ (तीन) का सबै धाराहरू।

भाग ४ (चार)को धारा ११ (एघार) बाहेक अरू सबै धाराहरू।

भाग ५ (पांच) को धारा ५५ (पचपन्न) बाहेक अरू सबै धाराहरू ।

भाग ९ (नौ) को परिच्छेद ३ (तीन) तर धारा ७३ (त्रिहत्तर) बाहेक, र

भाग १० (दश) का सबै धाराहरू ।

यस व्यवस्थाबाट सरकारी जङ्गी तथा निजामती कुनै कर्मचारीहरूले आफ्नो जिम्मेवारी, काम र कर्तव्यबाट विचलित हुनु वा अलमलिनु पर्दैन र सबैले आफ-आफ्ना स्थानबाट आफ्ना कर्तव्य पालन गर्नेछन् र साथै सबै देशवासीहरूको सदिच्छाले नै देशमा सबै कुराको सुव्यवस्था हुनेछ भन्ने हामीलाई पूर्ण विश्वास लागेको छ ।

परराष्ट्र विषयमा हामीले दृढतापूर्वक आफ्नो तटस्थता अपनाई सबै मित्र राष्ट्रहरूसंग मित्रताको नीति नै कायम राख्ने छौं र हामी देशमा र विश्वभर शान्ति र मित्रताको कामना गर्दछौं ।

श्री पशुपतिनाथले देश र जनताको कल्याण गरून् !

राजदरबार, जय नेपाल ।

काठमाडौं ।

२०१७।९।१५.

# श्री ५ महाराजाधिराजका प्रेस सेक्रेटरी अफिसबाट प्रकाशित प्रेस–नोट

यही पौष १ गत श्री ५ महाराजाधिराजबाट संविधान बमोजिम उठाइबक्सेको कदम बारे व्यापक चर्चा हुनु स्वाभाविकै हो । किन कसरी देशको सार्वभौमिकता, राष्ट्रियता, प्रजातन्त्र र जनताको हितको लागि मौसूफबाट उक्त कदम उठाइबक्सनुपर्‍यो सो त्यस दिनको शाही घोषणामा मौसूफबाट स्पष्ट गरिबक्सेकै छ । मौसूफबाट मुलुकका समस्त जनताको कल्याणको लागि चालिबक्सेको यस कदमको देशभरका सकल जनता, पत्रपत्रिकाहरू र विभिन्न सामाजिक, शैक्षिक तथा राजनीतिक संस्थाहरूबाट समेत उल्लासका साथ स्वागत भएको कुरा पनि सर्वविदितै छ ।

अब धेरैको मनमा के कसो हुन्छ भन्ने उत्सुकता हुनु स्वाभाविकै हो ।

यो शायद भनिरहनु पर्ने कुरा होइन कि श्री ५ महाराजाधिराजको इरादा कुनै हालतमा पनि प्रजातान्त्रिक पद्धतिलाई हटाउने वा जनताले पाएको अधिकार हर्ने होइन । मौसूफ सिंहासनारूढ होइबक्सेपछि मात्र होइन त्यसभन्दा अघि पनि देशमा सच्चा प्रजातन्त्र स्थापना गर्न र त्यसलाई

फलाउन फुलाउन मौसूफ कति इच्छुक र सक्रिय होइबक्सेको छ भन्ने कुराको प्रमाणको लागि वि. सं. २००७ सालको क्रान्ति र त्यसपछिको इतिहास नै पर्याप्त छ। मौसूफबाट हाल उठाइबक्सेको कदम केवल प्रजातन्त्रको नाममा जे जति धांधली भयो त्यो हुन नदिई प्रजातन्त्रलाई जोगाउनुको साथै जनताको कल्याण गर्ने मौसूफको मनसायको प्रतीक हो।

श्री ५ महाराजाधिराज तथा श्री ५ को सरकारबाट जे जति काम हुनेछ त्यो देशमा सच्चा प्रजातान्त्रिक व्यवस्थालाई खंदिलो रूपमा बसाल्ने अटल लक्ष राखेर नै हुनेछ। तर साथै जुन किसिमको बाटो अपनाएमा देशमा सच्चा प्रजातन्त्र स्थापित होला, त्यसको निमित्त चाहिने प्राथमिक व्यवस्थाको सृजना गर्न जे जति गर्नु पर्ला सो पनि मौसूफबाट चाँडै नै गर्ने गराउने बन्दोबस्त गरिबक्सिनेछ।

दुर्भाग्यवश केही तत्वहरूबाट यस शाही कदमको देशभर हार्दिक स्वागत भएको तथ्यलाई लुकाउने वा कदर नगर्ने प्रयास भएकोमा यस अफिसलाई खेद छ।

प्रजातन्त्रको संरक्षणका निम्ति श्री ५ महाराजाधिराजबाट क्रमशः चालिबक्सने पाइलाले प्रत्येक कुरो छर्लङ्ग पार्नेछ। साथै यथाशीघ्र उपयुक्त व्यवस्था पनि अवश्य हुनेछ।

अन्त्यमा प्रजातन्त्र प्रेमीहरूको सहयोग र सद्भावनाले देशहित र जनकल्याण बढ्दै जानेछ र सत्यको विजय हुने नै छ भन्ने कुरा यस अफिसले फेरि एकपल्ट दोहऱ्याउंछ।

प्रेस सचिवालय
राजदरबार।
पौष ६ गते वि. सं. २०१७

# श्री ५ महाराजाधिराजबाट बक्सेको शाही घोषणाउपर देशका पत्र पत्रिकाहरूको बिचार

श्री ५ महाराजाधिराज सरकारबाट २०१७ पौष १ गते जनताका नाममा बक्सेको शाही घोषणा नेपालको इतिहासमा स्वर्णाक्षरले लेखिने- छ । देशको नवजात प्रजातन्त्रको रक्षा र राष्ट्रिय भावनाको विकासका लागि श्री ५ महाराजाधिराज सरकारबाट उक्त शाही घोषणाद्वारा कोइराला मन्त्रिमण्डल विघटन गरिबक्सियो । सबै देश- वासीहरूको मर्म बुझी श्री ५ बाट समयोचित कदम उठाइबक्सेकोमा मेचीदेखि महाकालीसम्म फिंजिएका समस्त नेपाली जनतामा हर्षोल्ला- सको भावना व्याप्त भएको छ । शाही घोषणाको हृदयदेखि स्वागत भएको समाचार राजधानीका साथै देशका समस्त जिल्लाहरूबाट दिनहुं आउन थाल्यो ।

काठमाडौंबाट प्रकाशित हुने सबैजसो दैनिक पत्रहरूले मुक्त- कण्ठले गत पौष १ गतेको शाही घोषणाको स्वागत गर्दै आफ-आफ्नो हार्दिक समर्थन जनाए ।

देशमा भएको यो परिवर्तन अवश्य पनि नेपालको उज्ज्वल भवि- ष्यको थालनी हो भन्ने आशयको सम्पादकीय दैनिक नेपाली **'नयां समाज'** ले पौष २ र ३ गते प्रकाशित गर्दै भनेको छः–

**'नयां समाज'** ले पौष २ गतेको आफ्नो सम्पादकीयमा **"हुनै पर्ने थियो"** शीर्षक दिएर भनेको छः– "श्री ५ महाराजाधिराज सरकार बाट राष्ट्रका नाममा हिजो बक्सेको शाही घोषणा देशको वर्तमान परिस्थि- तिको चित्रण गर्न सफल भएको छ या छैन भन्ने कुराको अध्ययन गर्न समझदार व्यक्तिहरूलाई कुनै प्रकारको कठिनाइ होला जस्तो

हामीलाई लाग्दैन । आजको स्थितिमा देशवासीहरूले म फलानो पार्टीको र तं फलानो पार्टीको भन्ने बेला छैन । सबैले केवल नेपाली हौं भन्ने आधारमा हिजोको शाही-सन्देशको अध्ययन गर्नु परेको छ ।

नेपालमा कुनै समय १०४ वर्षसम्म अडेको पद्धति इतिहासको कुरा भयो भने पनि ०१६ साल जेष्ठ १३ गते भन्दा अगाडि बनेको सरकारहरूलाई पनि बिर्सिए तापनि हिजो बेहानसम्म पनि कायम रहेको १८ महीने सरकार त सबैको हृदयमा अवश्य पनि छ । आम निर्वाचनबाट खडा हुन आएको त्यो सरकारले देशको निमित्त के कति गरेको थियो भन्ने कुरा नेपाली मात्रले मनन गरून् । त्यसपछि एउटा प्रश्नको जवाफ दिऊन्--के त यो सरकार वास्तवमा नेपालको हितेच्छु थियो?

सम्पादकीयमा अगाडि भनिएकोछ– विघटित सरकारले देशको निमित्त के गरेको थियो भन्ने कुराको विवरण हिजोको शाही घोषणामा छ । हिजोको शाही घोषणा वास्तवमा नेपाली जनताको आवाजको पुष्टिमा थियो । नेपाली जनताले आज गर्व गर्ने कुरा छ कि श्री ५ महाराजाधिराज सरकारबाट मौसूफको प्रजाको नेतृत्व गरिबक्सिई उनीहरूको आवाजको पुष्टि गरिबक्सियो ।

नेपाली जनताले नेपाली कांग्रेसलाई यसकारण चुनेर पठाएको थिएन कि प्रजातन्त्रको नाउंमा उनीहरू जथाभावी गरून् । देशमा प्रगतिको नयां नयां नारा दिइयो तर अन्ततोगत्वा सबैजसो व्यक्तिगत स्वार्थ पूर्तिका लागि मात्र थिए । आफू प्रजातन्त्रका प्रहरी घोषणा गर्नेहरूले जन सावाजलाई बलजफ्ती दबाउन पछि हटेनन् । उनीहरूको समर्थक बाहेक अरूहरू सबै उनीहरूको निमित्त मूर्ख साबित भए । मन्त्रीहरू देशको कार्य भन्दा बढी विदेश घुम्न जाने योजना बनाउनमा मस्त थिए ।

**'नयां समाज'** ले अगाडि भनेको छः– हाम्रो विचारमा हिजोको शाही घोषणालाई नेपाली जनताको पूर्ण समर्थन छ । नेपालमा जुन प्रकार अन्याय, अत्याचार र भ्रष्टाचार भयो त्यसको जिम्मेवारी प्रायशः

मन्त्रीजीहरूलाई नै जान्छ । आजसम्म मन्त्रीले जस्तो गरे तापनि सुरुक्क उम्कने भै आएको छ । यो प्रथाको अन्त हुनु अति जरूरी छ। श्री ५ महाराजाधिराज सरकारबाट जुन प्रकार विघटित मन्त्रिमण्डलको वास्तविकताको घोषणा भएको छ त्यसै गरी उनीहरूसंग स्पष्टीकरण पनि मागिबसक्नु पर्छ । संविधान, देश र नरेशको नाममा शपथ खाई कार्यभार सह्यालेर आफ्नो अधिकारको दुरूपयोग गर्नेहरू उपर कडा-से-कडा कारवाही हुनैपर्छ, जसबाट उक्त ओहोदामा अब पुग्नेहरूलाई पनि शिक्षा मिलोस् र नयां व्यवस्थाप्रति जनताले भर पर्नसक्ने बलियो आधार खडा होस् ।

जहाँसम्म नयां बन्ने व्यवस्थाको प्रश्न छ नेपाली जनतालाई पूर्ण विश्वास छ कि आजसम्मको अनुभवद्वारा श्री ५ महाराजाधिराज सरकारबाट देशमा स्थायित्व हुन सक्ने ठोस व्यवस्थाको अवश्य घोषणा हुने नै छ ।

गत ११ वर्षको लामो अवधिमा पनि नेपालले चाहिंदो प्रगति गर्न सकेन । यसको एक मात्र कारण थियो, यहाँ काम गर्ने भन्दा कराउने नै बढ्ता भए । चुनाउ अगाडिसम्मका सरकारहरूको प्रायः एकै नारा हुन्थे– 'हामीले स्वच्छन्दसंग काम गर्न पाएनौं' । चुनाउ भयो । कांग्रेस बहुमतमा आयो, तर १८ महीनाको अवधिसम्म पनि भ्रष्टाचार, नातावाद, कृपावाद, सस्तो नारा र आधारहीन 'वाद' विशेषको प्रचार सिबाय कुनै काम हुन सकेन, अनि कांग्रेस मन्त्रि-मण्डलले नयां नाराको सृजना गर्‍यो– 'जन सहयोग पाइएन' । जनताले चुनेर पठाएको सरकारले जनताको सहयोग नपाउनुको मतलव थियो– जुन आशा र उमंगले जनताले कांग्रेसलाई चुनेर पठाएको थियो, ती आशा सरकारी भ्रष्टाचार, अराजकताको बोलवालाले निराशामा परिणत भयो । दाङ, बझाङ, गोरखा गोलीकांड र प० १ नम्बरमा अराजकता फैलिए पनि शान्ति छ भन्न विघटित सरकार हिचकिचा-एन । उल्टो अराजकतालाई 'क्रान्ति तथा परिवर्तनको लक्षण' भनियो ।

श्री ५ महाराजाधिराजबाट नेपाली जनताको मनोभावना जति बुझिबक्सेको छ त्यति बुझ्न सक्ने नेपाली बिरलै होलान् । राष्ट्रनायकबाट देशका कुना कुना भ्रमण गरी नेपाली जनताको सच्चा पीर मर्का हृदयंगम गरिबक्सेकोछ र त्यसको समाधान प्रति पनि मौसूफ पूर्ण रूपले परिचित होइबक्सेर नै यो कदम करबलले उठाइबक्सेको छ।

विश्वका विभिन्न देशको भ्रमण समयमा त्यहाँ देखिबक्सेको प्रगति र नेपालको दयनीय स्थितिको तुलना मौसूफको हृदयले गर्‍यो र त्यस हृदयमा कति गहिरो चोट पुर्‍यायो, यो कुरा श्री ५ महाराजाधिराज सरकार जापान र संयुक्तराज्य अमेरिकाको राजकीय यात्राबाट स्वदेश फिरिबक्सिंदा टुंडिखेल खरीकोबोटमा मौसूफबाट प्रकट गरिएका महान् उद्‌गारबाटै प्रष्ट भएको थियो ।

पत्र पत्रिकाहरू उपरको प्रतिबन्ध हटाइएको सम्बन्धमा '**नयां समाज**' ले पौष ४ गतेको आफ्नो सम्पादकीयमा भनेको छः—

उपर्युक्त पत्र पत्रिकाहरू उपर प्रतिबन्ध त्यस सरकारले लगाएको थियो जो आफूलाई प्रजातन्त्रात्मक भन्थ्यो र जसका नेताहरू हामी जनताबाट रोजिएका हौं भनी घमण्ड गर्थे। तर आज राष्ट्रनायक श्री ५ महाराजाधिराजबाट मुलुकको शासनभार आफूले ग्रहण गरिबक्सिनासाथ ती पत्रिकाहरूले मुक्ति पाए । यस किसिमको घटना यो पहिलो होइन । यसभन्दा अघि पनि यस्ता उदाहरणहरू देखिएका छन् । आज सारा नेपालीहरूले राम्ररी अनुभव गर्न पाएका छन्, प्रजातन्त्र वा जुनसुकै सिद्धान्तको वास्तविक कसी प्रचार नभएर क्रियात्मक रूप नै हो । जनताका मौलिक हकको सुरक्षा राष्ट्रनायक श्री ५ महाराजाधिराजबाट यसैगरी गरिबक्सिन्यैछ भन्ने कुरामा सारा नेपाली आश्वस्त छन् । अधिकारको दुरूपयोग गरी देश हितको बिल्यांटो चल्न खोज्नेहरूप्रति उचित कारवाही र देश हितको निम्ति गरिने कामहरूलाई प्रोत्साहन नै नेपालको निम्ति आज सबभन्दा बढी आवश्यक कुरा हुन् ।

प्रजातान्त्रिक सरकारको एउटा मुख्य कर्तव्य नै विरोधीहरूको आवाज सुन्नु हो र त्यस विरोधमा भएको सत्यतालाई लिएर आफूलाई सुधार्नु हो । तर विघटित सरकारले विरोधीहरूको आवाज सुन्ने क्षमता त परै जाओस् गरीब पत्रिकाको घांटी निमोठ्न तीन हजारसम्म धरौट मागेर पत्रिका बन्द गराएको थियो । श्री ५ महाराजाधिराज सरकार जनमतको पक्षमा कतिसम्म चाख लिइबक्सिंदोरहेछ भन्ने कुराको प्रमाण त मौसूफबाट तुरुन्त बन्द भएका पत्रिका उपरको प्रतिबन्ध हटाई बक्सिनु नै हो ।

पौष ८ गतेका दिन "**कुराले चिउरा भिज्दैन**" शीर्षक आफ्नो अग्रलेखमा स्थानीय दैनिक '**नयां समाज**' ले दलगत स्वार्थबाट टाढा रहिबक्सेका श्री ५ महाराजाधिराजलाई सुयोग्य नेताका रूपमा नेपाली जनताले पाएको छ भनी हर्ष प्रकट गरेको छ ।

गत पुस १ गते श्री ५ महाराजाधिराज सरकारबाट उठाइबक्सेको कदमप्रति खुशी प्रकट गर्दै देशका चारैतिरबाट हाम्रो कार्यालयमा बक्तव्य, खुशीको खबर, अभिनन्दनहरू ओइरिन थालेका छन् । यसमा हामी मात्र होइन सारा नेपालीले खुशी मान्नु पर्ने कुरा छ । यता सारा जनता श्री ५ महाराजाधिराजबाट उठाइबक्सने अर्को नयां व्यवस्थाबारे जान्न निकै उत्सुक छन् र साथै आश्वस्त पनि । 'म फलानो पार्टीको, तँ फलानो पार्टीको' भन्ने भावना 'हामी नेपाली हौं र हामी सबै राजाका साजा प्रजा हौं' मा परिणत हुन लागेको हामी देख्छौं । जब सारा देशभर जनता दङ्ग छन् भने अब वक्तव्य प्रकाशित गरेर समर्थन जनाउनु हाम्रो विचारमा असामयिक छ ।

अब समय आएको छ, देश निर्माणको श्री ५ बाट उठाइबक्सने हर प्रगतिशील कदम तथा देश निर्माणका योजनालाई जतिसक्यो चांडो कार्यान्वित गराउन हरएक नेपालीले तम्तयार हुनु परेको छ । नेपाललाई उन्नतिशील तुल्याउने अभिभारा वास्तविक रूपमा हामीहरूकै कांधमा छ । जरूरत छ त यसतर्फ बाटो देखाउने कुनै योग्य राष्ट्रिय नेताको !

त्यस्ता नेताको रूपमा आज हामीले दलगत र नचाहिंदो 'वाद' को स्वार्थबाट टाढै रहिबक्सेका नेता श्री ५ महाराजाधिराजलाई नै पाएका छौं– भने हामीमा अब के कुराको कमी रह्यो ! अब कुनै पनि जिल्ला तथा गाउंको विकास दलीय आधारमा नभई सर्वमान्य रूपमा हुनेछ भन्ने कुरा सारा नेपाली जनताले बुझिसकेका छन् तापनि हामी सारा नेपालीसंग यही अनुरोध गर्छौं, देश निर्माणको पथमा पाइलो सार्न थालेको छ, यस औसरमा दलगत भावना र स्वार्थलाई बिर्सी देश निर्माणमा अग्रसर होऔं !

दैनिक **'हालखबर'** ले **''स्वागत शाही कदम''** भन्ने शीर्षक दिएर त्यसै दिनको आफ्नो सम्पादकीयमा भनेको छः–हामीले नेपाली कांग्रेसका नेताहरूको विदेशी हृदयका बारेमा तथा आफ्नो दल र स्वयंको क्षुद्र स्वार्थ पूर्तिका निमित्त नेपाली जाति र नेपाल माताको छातीमा छुरा रोप्न समेत हच्किने छैन भन्ने कुराबारे सम्झना गराउंदै आएका थियौं । समय समयमा यसै दलका नेताहरूले जे जति गरे, बोले ती सबैका भित्री तहमा स्वयंको अहं र विदेशी स्वार्थको स्वर हुन्थ्यो । जुन किसिमबाट राष्ट्रिय धन, इज्जत, प्रतिष्ठाको सम्मानमा धक्का पुऱ्याउने काम भयो त्यो देखेर स्वाभिमानी नेपालीको टाउको लाजले निहुरन्छ ।

**'हालखबर'** को सम्पादकीयमा भनिएको छः–

आम निर्वाचन गराएर वर्तमान राष्ट्रनायक श्री ५ बाट जसरी प्रजातन्त्र उपर आस्था दर्शाई जनताको हृदयमा अमीट छाप लगाइबक्सेको थियो त्यसै गरी निर्वाचनबाट अत्यन्त बहुमतमा आएको नेपाली कांग्रेसले देशमा लूट, भ्रष्टाचार, नातावाद, कृपावाद, पक्षपात र विदेशी स्वार्थका लागि भूमि तैयार पार्ने काममा तल्लीन रही त्यसको प्रारूपका लागि ठाउँ ठाउँमा हत्या, गोली आदि चलाई नेपालीहरूको शान्ति व्यवस्थामा आघात पुऱ्याएको, जम्मै अराष्ट्रिय कार्य गर्ने जन विश्वासरहीत कोइराला मन्त्रिमण्डललाई विघटन गरी राष्ट्र भरिलाई ऋण

बक्सेकोमा नयां रूपमा ठूलो आस्थाका साथ श्री ५ प्रति प्रजाको विश्वास बढेकोछ ।

**'हालखबर'** ले अगाडि भनेकोछः— हामीले यो मन्त्रिमण्डल गठन भएर काम गरेको छाँटकाँट कालदेखि नै जनतालाई यसका नेपाली विरोधी, विदेशी हितैषी कार्यबारे जाग्रत गराउँदै आएका छौं। गण्डक, डाल्डा, इजरायली कम्पनीलाई नेपालमा छुलेर नेपालको ठूलो कभलो गरिएको कुरा भन्दै आएका थियौं। नेपाली कांग्रेसको परराष्ट्र नीतिले नेपालमा गृह युद्धको स्थितिसम्म ल्याउने कुराको बारम्बार संकेत दिंदै आएका छौं ।

यो मन्त्रिमण्डलले पच्चीसै आना विदेशी नक्कल गरी नेपालको संस्कृतिलाई समेत मेट्ने ठेक्का लिएको छ भन्ने कुरा प्रशासन सुधारको नाममा गरेको धांधली, प्रजातन्त्रका नाममा अरू सबैलाई निर्मूल पार्ने नीति लिएबाट स्पष्ट हुन्छ ।

आज नेपालीका हृदयमा अपार प्रसन्नता छ । हिजै मन्त्रिमण्डल विघटनको घोषणा सुन्नासाथ तीनै शहरमा तुमुल करतलध्वनिले श्री ५ का कदमको स्वागत भयो । शहरमा हिंड्ने जम्मै नेपालीका मुखमा प्रसन्नताको हांसो फिंजिएको थियो । तानाशाहीतिर ढल्केको नेपाली कांग्रेसको मन्त्रिमण्डल विघटन भएको प्रसन्नतामा हिजो शहर र आसपासका इलाकामा दीपावली मनाइएबाट नै जनहृदयको भावना स्पष्ट हुन आउँछ । राजाबाट उठाइबक्सेको यो राष्ट्रिय कदम सामयिक भएकोले एक कोटि नेपालीले स्वागत गरेका छन् । नेपाली जाति सदैव राजाका साथ थिए, छन् र रहने छन् भन्ने हाम्रो धारणा छ।

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट गत पौष १ गते जनताका नाममा शाही घोषणा बक्सी उठाइबक्सेको कदम आकस्मिक जस्तो छ तापनि वस्तुतः श्री ५ बाट समय २ मा प्रजाका नाममा बक्सेका शाही सन्देशकै क्रममा घोषणा गरिएको छ भन्ने कुराकोचर्चा गर्दै **'हालखबर'** ले पौष ४ गतेको आफ्नो सम्पादकीयमा भनेको छः—

निर्वाचित सरकार र जनताका प्रतिनिधिहरूले ठीक काम नगरेको अनुभव गरी पहिलो पटक चेताउनी बक्सेको थियो । साथै जनता सरकारबाट काम भएन भनी आत्तिएको अनुभव गरेर निर्वाचित सरकार भन्दैमा चटक गरे जस्तो गरी काम गर्न सक्तैन, समय लाग्दछ भनी जनतालाई धैर्य गर्ने र सरकारलाई काम गर्ने प्रेरणा दिंदै अर्को सन्देश बक्सेको थियो । निर्वाचित सरकारमा गएका व्यक्तिहरूले देश र जनताको निम्ति काम गर्नुको बदला अर्कालाई गाड्ने प्रयत्न गरेको महसूस गरी 'अरूलाई खनेका खाडलमा आफैं पनि पर्न सकिन्छ' भनी प्रजातान्त्रिक बाटो अपनाउने सल्लाह बक्सेको थियो । जापान र संयुक्त राज्य अमेरिकाको भ्रमणबाट स्वदेश फिरिबक्सेको अवस्थामा पश्चिम १ नम्बरको अशान्तिलाई लिएर दुःख प्रकट गरिबक्सी सरकारले ठीकसंग काम गरोस् भन्ने आदेश बक्सेको थियो । संयुक्त अधिराज्यको राजकीय भ्रमणमा सवारी हुने बेलामा सरकारले देशमा शान्ति सुरक्षा कायम गरोस् भनी चेताउनी दिनाका साथै व्यक्तिगत स्वार्थको निन्दा गरिबक्सेको थियो । सबभन्दा पछि कार्तिक २५ गते क्रान्ति दिवसको उपलक्षमा अत्यन्त कडा चेताउनी दिंदै सरकारमा जानेहरू स्वेच्छाचार र प्रजातन्त्रका निम्ति आत्मबलि दिने वीरहरूको रगतमा स्वार्थ पूर्ति गर्न छोड्नू भन्ने हुकूम भएको थियो । यस्तो अवस्थामा श्री ५ बाट संविधानले दिएको अधिकार प्रयोग गर्नु बाहेक भन्नु पर्ने कुरा बांकी थिएन । विगत सरकारमा जाने व्यक्तिहरूले समय समयमा श्री ५ बाट बक्सेका सल्लाह र चेताउनीलाई जानी जानी बेवास्ता गरेकोले नै श्री ५ बाट नयां कदम चलाइबक्सेको हो भन्ने कुरा पहिले शाही सन्देशहरूको अध्ययनबाट स्पष्ट हुन्छ ।

पौष १ गतेको घोषणामा पनि श्री ५ बाट समय समयमा मौसूफबाट बक्सेका संकेतलाई सरकारले वास्ता नगरेको र प्रजातन्त्रकै निमित्त पनि देशमा यस्तो स्थिति राखिछोड्नु अवाञ्छनीय थियो भन्ने संकेत गरिबक्सेकोछ । यस्तै स्थितिमा संविधान प्रदत्त अधिकार प्रयोग

नगर्नु देशका निम्ति हितकर थिएन । कोइराला सरकारका प्रत्येक कदमले गृहकलहको संकेत दिइरहेका बेलामा र देश संक्रमण अवस्थाबाट गुज्रिरहेको बेलामा श्री ५ बाट बेवास्ता गरिबक्सनु राज संस्थाको कर्तव्य छोड्नु हुने थियो । देशका केही भागमा सल्केको अशान्तिको आगो देशव्यापी हुन नपाउंदै, गोरखामा बगेको रगतले व्यापकता नलिंदै देशलाई संकटबाट बचाउन भएको घोषणालाई अर्को दृष्टिले हेर्न सकिंदैन ।

कांग्रेसी मन्त्रिमण्डलका भूतपूर्व मन्त्रीहरू माथि ट्रायल हुनुपर्छ भन्ने कुरामा जोड दिंदै **'हालखबर'** ले पौष ३ गतेको आफ्नो सम्पादकीयमा भनेको छः—

मन्त्रिमण्डल भंग गर्ने शाही घोषणामा विश्वेश्वरप्रसाद कोइरालाको नेतृत्वमा गठित सरकार माथि जुन आरोप लगाइएका छन् त्यसबाट मन्त्रीहरूको ट्रायल हुनु पर्दछ भन्ने देखिएको छ । भविष्यका सरकारहरूलाई व्यक्तिगत स्वार्थका निम्ति अधिकारको प्रयोग नगराउनलाई र जनताको प्रतिनिधित्वको आडमा नेपाली कांग्रेसका नेताहरूले के के गरेका रहेछन् भन्ने कुरा जनतालाई बोध गराउन पनि मन्त्रीहरूको ट्रायल हुनै पर्दछ ।

पश्चिम १ नम्बरमा उठेको सामान्य विवादलाई मच्चाएर लूटपाटको रूपमा पुर्‍याए पछि वर्ग संघर्षको संज्ञा दिई सयकडौं परिवारको घरबार उठाई देशको एक भागमा अशान्ति मच्चाउने कारण के थियो त्यसको जवाफ जिम्मेदारी लिएका मन्त्रीहरूले दिनु पर्दछ । गोरखाका निःशस्त्र जनतामाथि गोली चलाएर त्यसको सारा दोष त्यहाँ नभएका मानिस योगी नरहरिनाथको शिरमा खन्याई कोइराला सरकार आफू चोखो हुन खोजेको थियो । गोरखाको काण्डमा श्री ५ को नाम समेत मुछी कानूनको उल्लंघन गरी श्री ५ प्रति घृणा फैलाउने प्रयास गरेको थियो । गोरखा काण्डका यी दुबै अपराध अक्षम्य छन् । गोरखाका अबोध जनताको निर्दोष रगतले न्याय पाउंनै पर्दछ । अन्यथा त्यस

रगतको आर्त क्रन्दनले न्याय प्रेमी नेपालीको रगत उमाल्न आगोको काम गरिरहनेछ । व्यक्तिगत रूपमा उदारता देखाउनु ठूलो गुण हो तापनि कानूनको मर्यादा राख्न विघटित मन्त्रिमण्डलले कार्तिक १० गते गोरखा गोलीकाण्डबारे प्रकाशित गरेको विज्ञप्तिमाथि कारवाई हुन आवश्यक छ ।

विदेशबाट आएको सहायताको रकमहरू हिनामिना भएका छन् भन्ने कुरा प्रत्येक शिक्षित व्यक्तिहरूको मुखबाट निस्कने विषय बनेको छ । विकासका निम्ति छुट्याइएको रकम पनि मन्त्रीहरूको निजी व्यक्तिहरूले लिएका छन् भन्ने कुरा केवल कुरामा मात्र नअटाएर पत्रिकाहरूमा समेत निस्किराखेका छन् । यसरी राष्ट्रको विकासको नाममा व्यक्तिगत स्वार्थ साधी अधिकारको दुरूपयोग गरेकोमा विगत मन्त्रीहरूको ट्रायल बिना जनताले चित्त बुझाउन सक्तैन ।

निजामती पुनर्गठनको नाममा सयभन्दा बढी ग्याजेटेड् र त्यसभन्दा माथिका कर्मचारीलाई १६ महीनासम्म जगेडामा राखी पछि नियुक्ति दिनका साथै काम नगरेको बेलाको समेत पूरा तलब दिएर एकातिर योग्य कर्मचारीहरूको अपमान गरेको र अर्कातिर राष्ट्रको धन खेरफालेको किन हो त्यसको जवाफ त्यसका जिम्मेदार व्यक्तिहरूबाट नेपाली जनताले पाउनु पर्दछ ।

श्री ५ महाराजाधिराजबाट गरिबक्सेको घोषणामा मन्त्रिमण्डलको विघटन गर्नुपर्ने कारणहरू मर्यादित भाषामा व्यक्त भएकोले सर्वसाधारण जनताका निम्ति केही मात्रामा दुर्बोध देखिए तापनि सबै कुराको संकेत विद्यमान छ । त्यसका अतिरिक्त मन्त्रीहरूलाई र अरू केही व्यक्तिहरूलाई पनि नजरबन्दमा राख्नु पर्ने स्थितिले सारा कुरा स्पष्ट भएको छ । यस नजरबन्दीबाट पनि तत्कालीन मंत्रीहरूको ट्रायल हुनेछ भन्ने कुरा सिद्ध गरेको छ । कुनै रूपले महा निर्वाचनमा अत्यधिक बहुमत प्राप्त गर्न सके पनि नेपाली कांग्रेसका नेताहरूले जनताको विश्वास प्राप्त गर्न सकेका थिएनन्, भन्ने कुरा दोहऱ्याउनु पर्दैन तापनि

अधिकार पाएपछि तिनीहरूले राष्ट्रलाई, राष्ट्रियतालाई, देशको सार्वभौमिकतालाई आघात पुऱ्याउन कस्ता चाल चलेका रहेछन् भन्ने कुरा जनताले राम्रोसित औपचारिक रूपमा थाहा पाउनु पर्दछ।

'सही बाटो' ले पनि "शाही घोषणा" शीर्षक दिएर पौष २ गतेको आफ्नो सम्पादकीयमा भनेकोछ:—

श्री ५ को यस्तो शाही घोषणाले गर्दा नेपाली जनताले आज दुइ वर्षदेखिको अस्थिर र अशान्त वातावरण साथै दैनिक भयबाट पनि आफूलाई मुक्त भएको देख्न थालेका छन् । वर्ग संघर्षको नाममा हुन थालेको लूट, गैर कानूनी कार्य, दलगत भावना आदिले त्रस्त नेपाली जनतालाई श्री ५ को घोषणाले आज जसरी अभयदान गरेको छ त्यो नेपाली जनताको प्रबल इच्छानुकूल भएको छ।

शाही घोषणामा श्री ५ महाराजाधिराजबाट नेपाली कांग्रेसको मन्त्रि-मण्डलमाथि राष्ट्र विरोधी भावनालाई प्रोत्साहन दिने, प्रजातन्त्रको नाउंमा प्रजातन्त्र विरोधी कार्य गर्ने, दलगत भावनामा लाग्ने, कोरा सैद्धान्तिक आधारमा समाजको सुव्यवस्थामा खलल ल्याउने आदि जति पनि अभियोग लगाइबक्सेको छ, त्यो सम्पूर्ण जन-भावनाको अनुकूलछ ।

जसरी श्री ५ बाट जन-भावनाले प्रेरित भै प्रजातन्त्र र राष्ट्रिय हितको निमित्त कदम उठाइबक्स्यो त्यसरी नै नेपाली जनताले त्यसको स्वागतको निमित्त उत्सव, दीपावली मनाएको देखियो ।

यसै विषयमा 'सही बाटो' ले पौष ३ गतेको आफ्नो सम्पादकीयमा भनेकोछ:—

श्री ५ महाराजाधिराजको शाही घोषणामा नेपाली कांग्रेसहरूप्रति पनि आरोप लगाइबक्सेको छ । आज ती सब आरोप सत्य र फौजदारी आरोपहरू छन् । यस्ता फौजदारी आरोपका अभियुक्तहरूसंग सरकार-वादी भै मुद्दा चलाउने हाम्रो देशको परम्परा छ । यसैले आज देश-वासीको ध्यान अब तिनीहरूमाथि चलाइने मुद्दातर्फ जान थालेको देखिन थालेकोछ ।

श्री ५ महाराजाधिराजबाट जन इच्छाको कदर गरिबक्संदै आजसंम प्रजातन्त्रको निमित्त सुख चैन आरामलाई त्यागी धैर्य र सहनशील बनी जसरी कार्य हुंदै आएको छ र आज आएर जसरी नेपालीको सच्चा क्रन्दनलाई बुझी नयां कदम उठाइबक्सेको छ, त्यसले गर्दा हामीलाई मात्र हैन नेपाली जनतालाई नै यो निश्चय भएको छकि नेपालीले, नेपाली कांग्रेसले आफूमाथि गरेको अत्याचार र अनाचारका निमित्त अवश्य पनि प्रश्न गर्न पाउंने छन् । किनकि मौसूफबाट आजसम्म देशको निमित्त अपनाई बक्सेको गतिविधि, घोषणामा व्यक्त गरिएको उद्गारबाट पनि हामी मौसूफ प्रजातन्त्रलाई प्रजातन्त्रकै रूपमा देख्न कति विकल होइबक्संदोरहेछ, थाहा पाउंन सक्छौं । यसैले यदि हामी विनम्र यो निवेदन गर्छौं कि यी प्रजातन्त्रको नाममा जथाभावी गर्ने अभियुक्तहरू हुन् तापनि श्री ५ बाट प्रजातन्त्र प्रणालीबाटै एउटा स्वतन्त्र विशेष अदालत खडा गरी यिनमाथि यिनले आजसम्म गरेको कार्यमा महाभियोग लगाउन (इम्पिच गर्न) मौका बक्सनु पर्दछ ।

यदि यो प्रणाली आज अपनाइएको खण्डमा हामीलाई विश्वास छकि भविष्यको नेपालमा फेरि यस्तो लूट र संविधान, कानूनको अपहेलना कुनै किसिमको व्यवस्थाबाट पनि हुन सक्नेछैन ।

श्री ५ महाराजाधिराजबाट पौष १ गते जनताका नाममा शाही घोषणा बक्सी उठाइबक्सेको कदमलाई लिएर उत्पन्न हुन खोज्ने तर्कहरूको खण्डन गर्दै **'नेपाल समाचार'** ले पौष ३ गतेको **"विश्वास गर्ने कुरा"** शीर्षक आफ्नो सम्पादकीयमा भनेको छः—

संसद र मन्त्रिमण्डल भंग गर्न श्री ५ बाट बक्सेको घोषणामा मौसूफबाट यो कदम किन चालिबक्सेको हो त्यसको व्याख्या पनि छ, देशको राष्ट्रियता र सार्वभौमिकता सबभन्दा महत्वपूर्ण कुरा हुन । यसको संरक्षणका लागि श्री ५ बाट यो कदम चालिबक्सनु परेको हो भनी घोषणामा स्पष्ट उल्लेखछ । राष्ट्रियता र सार्वभौमिकताको

संरक्षण गर्न मौसूफबाट अस्ति जुन कदम चालिबक्सनु परेको हो त्यसमा मौसूफ आफूले पनि खेद प्रकट गरिबक्सेको छ। तर, राष्ट्रियता र सार्वभौमिकताको संरक्षण गर्न मौसूफ बाध्य भै यो कदम चालिबक्सनु परेको हुनाले मौसूफबाट यो कदम यसरी चालिबक्स्यो भनी गुनासो गर्ने ठाउं छैन ।

स्थितिको यस पृष्ठभूमिमा श्री ५ को यस कदमको समर्थन नगर्नु निश्चय पनि राष्ट्रियता र सार्वभौमिकताको संरक्षण गर्ने काममा बाधा दिनु सरह हुनेछ । तसर्थ, नेपालको स्वतन्त्रता दृढ गर्न चाहने, नेपालीको भलो चाहने राजनीतिक र सामाजिक संस्थाहरूले यसको समर्थन गर्नु आवश्यक छ । नागरिक अधिकार छिनियो भनी हल्ला गर्नु यस स्थितिमा अनावश्यक र अप्रिय कुरा हो । यस्ता नचाहिंदा हल्ला मचाउनेहरूले एक पटक आफ्ना हृदय पनि टटोली हेरेको खण्डमा यस हल्ला गर्न उनीहरूको हृदयले गर भन्ने छैन ।

उनीहरूले हेर्नुपर्ने सबभन्दा महत्वपूर्ण कुरा यो होकि आम चुनाउ सम्पन्न गर्न र संविधान प्रदत्त गर्न श्री ५ बाट सृजनात्मक रुचि लिई चुनाउ सम्पन्न गराइबक्सेको थियो । त्यो चुनाउ गराउन मौसूफले जसरी उचित समय भयो भन्ने ठानी चुनाउ सम्पन्न गराइबक्सेको थियो, त्यस्तै नागरिक अधिकार सम्बन्धी संविधानका धाराहरू पनि उचित समयमा प्रदत्त गराइबक्संनेछ । राजनीतिक कार्यकर्ताहरूले आजसम्मको नेपालको राजनीतिक इतिहास सिंहावलोकन गरेको खण्डमा यसमा श्री ५ प्रति ती कार्यकर्ताहरूले अलिकति पनि शंका गर्ने स्थान पाउंने छैनन् । यसले श्री ५ को यो कदमप्रति पनि त्यस्तै विश्वास राख्नु आवश्यक छ ।

श्री ५ महाराजाधिराजबाट गत पौष १ गते शाही घोषणा बक्सी उठाइबक्सेको कदम प्रति छिमेकी राष्ट्र भारतका पत्रपत्रिकाहरूले व्यक्त गरेका विचारको खण्डन गर्दै **'नेपाल समाचार'** ले पौष ५ गतेको आफ्नो सम्पादकीयमा भनेकोछः–

"राष्ट्रका हित तथा प्रजातन्त्रकै निमित्त पनि देशमा यस्तो स्थिति धेरै समयसम्म रहन दिन उचित नभएकोले, देशको एकता, राष्ट्रियता र सार्वभौमिकता बचाउन, देशमा अमन चैन कायम राख्ने र देशलाई कुनै कारणबाट बचाउने अन्तिम जिम्मेवारी पनि हामीमै भएकोले" कांग्रेसी मन्त्रिमण्डल भंग गरिबक्सेको हो भन्ने कुरा श्री ५ को शाही घोषणामा छ । शाही घोषणाका यी पंक्तिहरूले नेपालमा प्रजातन्त्र फलाउन फुलाउन श्री ५ चिन्तित होइबक्सेको थियो र यसैको लागि मन्त्रिमण्डल भंग गर्न परेको स्पष्ट छ । श्री ५ को यस कथनमा एक कुरा र काम गराइमा अर्कै कुरा छ होलान् भनी नेपाली जनता ठान्दैन । यस्ता विषय विदेशमा जेसुकै प्रचार भए पनि आफ्नै राजाको स्नेह प्राप्त गर्न नसकेकाहरूले नेपाली राजामा देशप्रति के-कस्तो प्रेम छ भन्ने कुरा ती विदेशीहरूका लागि स्वस्थानीको कथा जस्तो मात्र छ । नेपालमा संसद बसाइ संसदीय प्रजातान्त्रिक व्यवस्था कायम गर्न श्री ५ कति उत्सुक होइबक्सिन्थ्यो भन्ने कुरा अमेरिकी पत्रिका '**फरेन एफेयर्स**' का फाइलहरूले स्पष्ट गर्नेछन् । श्री ५ प्रजातन्त्र प्रेमी होइबक्सन्छ भन्ने कुरा नेपालका सबै जनता महसूस गर्दछन्; कम्युनिष्ट पार्टी लगायत सबै नेपालका राजनीतिक पार्टीका नेताहरू पनि यस कुरालाई स्वीकार गर्दछन्; नेपाली कांग्रेसका नेताहरूले पनि श्री ५ प्रजातन्त्र प्रेमी होइबक्सन्न भनी भन्न सकेका छैनन् । यस स्थितिमा भारतका पत्रपत्रिकाहरूले श्री ५ को वर्तमान कदमले प्रजातन्त्र खत्तम पार्ने प्रयास भो भनी कराउनु निरर्थक कुरा हो ।

सोही गतेको अंकमा '**नेपाल समाचार**' ले "**शाही घोषणा**" शीर्षक दिएर आफ्नो सम्पादकीयमा भनेकोछः—

२००७ सालको क्रान्ति पछि आम निर्वाचनमा बहुमत प्राप्त गरेको संस्था नेपाली कांग्रेसले मन्त्रिमण्डल प्राप्त गरेपछि वहुजन हितायको ध्यान नदी उल्टो सार्वभौमिकसत्ता र राष्ट्रियतालाई खत्तम गरी अराष्ट्रिय तत्वलाई प्रोत्साहन हुने कार्य गरेकोले हिजो श्री ५ बाट

वाध्य भै नेपाल र नेपालीत्व बचाउन जुन कदम उठाइबक्सेको छ त्यसलाई प्रत्येक नेपालीले, आफूलाई नेपाली सम्झेसम्म, स्वागत गर्नेछ ।

सबैभन्दा दुःखलाग्दो कुरा त यो होकि राजा प्रजा मिली ल्याएको प्रजातान्त्रिक व्यवस्थालाई डुर्काउन लागेको बेलामा कांग्रेसी मन्त्रि-मण्डलले संविधानलाई नै एकातिर पन्छाई, एक थोक भनी अर्को काम गरी जनतामा धोका दिएको हुनाले जनता तिनीहरूसंग अब सावधान हुनु परेकोछ ।

एशियामा प्रजातान्त्रिक व्यवस्था फल्न फुल्न सक्तैन भन्ने कुरा व्यापक रूपमा चलिरहेको बेलामा श्री ५ बाट संविधान प्रदत्त गरी आम चुनाउ सम्पन्न गराइबक्सेको थियो र जनताले पनि संसदीय व्यवस्था-प्रति आस्था दर्शाउँदै आएको थियो । तर, त्यसको फल जनताले पाउनुको सट्टा अत्यधिक बहुमतको होडमा कांग्रेस मन्त्रिमण्डल अर्कैतिर मोडिएको स्पष्ट हुन आयो। जनजीवन सुधार्ने एक शुद्ध प्रजातान्त्रिक व्यवस्थालाई कांग्रेसी मन्त्रिमण्डलले पार्टीगत स्वार्थपूर्ति गर्न पट्टि लागेर धब्बा लगाइदियो ।

"नेपाल समाचार" ले सम्पादकीयमा आगाडि भनेको छः–

यस बीच जनता धैर्यपूर्ण रूपमा रहन सकेको र जनतामा श्री ५ प्रति रहेको आस्थाबाट बेलैमा देशको सार्वभौमिकता र राष्ट्रियता प्रति जनताको ध्यान आकर्षित हुन सकेकोमा हामी नेपाली भाग्यवान् सम्झन्छौं ।

"श्री ५ र प्रजातन्त्र" शीर्षक दिई 'दैनिक नेपाल' ले पौष ३ गतेको आफ्नो सम्पादकीयमा भनेको छः–

प्रजातन्त्रका योद्धा, प्रजातन्त्रका प्रवर्तक, प्रजातान्त्रिक संविधानका दाता श्री ५ महेन्द्रबाट आफैंले बक्सेको संविधानका धाराहरू निलम्बित गरी प्रजातान्त्रिक विधानको आधारमा गठित मन्त्रिमण्डल र संसदको विघटन गर्नुपर्ने स्थिति सामान्य सम्झिने कुरा रहेन । प्रजातान्त्रिक पद्धति अनसार तत् व्यवस्थाको पालनको निम्ति छानिएका व्यक्तिहरू

नालायक निक्लेकाले नेपालमा प्रजातन्त्र व्यवस्थालाई नै हांक मिल्यो। यसबाट प्रजातन्त्रका प्रवर्तक राजा र प्रजातन्त्रका प्रेमी हरेक नेपालीलाई वेदना छ। यो स्थिति कसले ल्यायो ? नेपालमा प्रजातन्त्र शासनको पक्षमा राजा नरहेको भए न विधान बन्थ्यो, न चुनाउ हुन्थ्यो। नेपाली जनताले वैधानिक राजतन्त्रमा आफ्नो पूर्ण आस्था देखायो। प्रजातन्त्रको आधारमा उभिएर प्रजातन्त्रको समाप्तिमा लागेकाहरू नै आज नेपालमा यो स्थिति ल्याउनमा जिम्मेदार छन् भन्ने कुरामा अब दुइ मत हुन सक्तैन। यस व्यवस्थालाई समाप्त गर्ने अपराधीहरूले आफ्नो अपराधको उचित सजाएं पाउनु पर्छ।

नेपाली कांग्रेसले प्रजातन्त्रको हत्या गरायो त नेपालबाट प्रजातन्त्र असफल नै साबित भयो ? यो कदापि होइन। श्री ५ यस व्यवस्थाका रक्षक होइबक्सिन्छ। नेपाली जनता प्रजातन्त्रका पक्षमा छन्। नेपाली कांग्रेसको साथ प्रजातन्त्र असफल भयो भन्नेहरूसित हामी सहमत छैनौं।

अपराधीहरूलाई प्रजातन्त्र पद्धति अनुसार आफ्नो सफाइ दिने अवसर मिल्नु पर्छ। यो मन्त्रिमण्डल र संसद विघटन हुँदैमा प्रजातन्त्र असफल भयो भन्नेहरूसित हामी सहमत छैनौं। राजा र जनताले मिलेर ल्याएको प्रजातन्त्रको बीचमा आकस्मिक रूपले प्रजातन्त्र विरोधी परिआएका थिए भनी सम्झनु पर्ला।

विघटित नेपाली कांग्रेसको मन्त्रिमण्डलले गरेको विभिन्न राष्ट्र विरोधी दूषित कार्यहरूमाथि क्रमिक सम्पादकीय लेखी **'समाज'** ले पौष ५ गतेको आफ्नो सम्पादकीयमा भनेको छः—

ने. कां. को मन्त्रिमण्डलले नारामा भने प्रजातन्त्रलाई पनि उछिनेर समाजवादको फोस्रो घोषणा गर्‍यो, तर वास्तवमा प्रजातन्त्र र यसका नियमहरूको यसरी हत्या गर्दै गयो कि संविधानमा लोक सेवा आयोगलाई दिइएको अधिकारको हनन गरी त्यसको विरुद्ध कानून बनाउन पनि बांकी राखेन र यसको मर्यादा नै नराखी नातावाद,

कृपावाद र चाकडीवादमा लागि सरकारी यन्त्रलाई कांग्रेसीकरण गर्न कोशिश गऱ्यो । यहांसम्म कि विघटित मन्त्रिमण्डलले लोक सेवा आयोगलाई पंगु बनाउन संविधानको धारा ६० को उपधारा (३) बमोजिम नियम बनाई स्वीकृतिको निमित्त भनी श्री ५ मा आपनो मांगसम्म राख्न हिचकिचाएन ।

शासनमा आएर ने. कां. को मन्त्रिमण्डलले संविधानको भाग ८, हिसाब जांच विषयमा कहिले पनि ध्यान दिएन । उसले घांसे घिउ देशभित्र हुल्न भने ठेक्का दिने, लिने काम आदि व्यक्तिगत नाफा हुने विषयमा मनपर्दो नियम र कानून बनाउन सक्यो, तर हिसाब जांच (महालेखा परीक्षक) बारे यति लामो अवधिसम्म पनि कुनै नियम र कानून बनाउन चाहेन । किनकि यस्ता नियमहरू बनाउँदा आफले अपनाएका भ्रष्ट नीतिको भंडाफोर हुने डर थियो ।

स्क्रिनिङ्गको नाममा योग्यायोग्यको र पुनर्गठन नियम, कानूनको कुनै मर्यादा रहेन । चाकडी गर्ने ३५ वष ढाक्रे कानून विरुद्ध सरकारी सेवामा लिइए, जगेडाबाट मानिसलाई प्रमोशन दिइयो । पुनर्गठनको नाममा कानून छोडी ढाक्रेहरू समेत यसरी भर्ना गरियो कि सम्पूर्ण सरकारी सेवा नै कांग्रेसीकरण गर्ने कोशिश तथा षडयन्त्र गरियो ।

नेपाली कांग्रेसको मन्त्रिमण्डल भंग भैसकेपछि तत्काल श्री ५ को सरकारले पहिलेको सरकारद्वारा प्रतिबन्ध लगाइएका समाचार पत्रहरू माथिबाट उक्त प्रतिबन्ध हटाइदिएको कुराको स्वागत गर्दै **'कल्पना'** ले आफ्नो पौष ४ गतेको सम्पादकीयमा भनेको छः—

राष्ट्रनायक श्री ५ महाराजाधिराजबाट ग्रहण गरिबक्सेको शासन अभिभारामा हिजो केही पत्रपत्रिकामाथि गत सरकारले लगाएको प्रतिबन्ध हटाइएको समाचारले पत्रकार जगतलाई अवश्य नै ठूलो बल पुऱ्याएको छ र यस संदर्भमा यस पाइलाको स्वागत नगरी कोही रहन सक्दैन ।

पत्र पत्रिकाहरूले वर्षौंदेखि आफ्नो विकासमा रहेका बाधा अड-

चनलाई हटाउन वैधानिक तरीकाले मांग गर्दै रहे र शाही प्रेस कमिशनले आफ्नो रिपोर्ट दिएको पनि वर्षौं हुनलाग्यो तर अहिलेसम्म त्यस दिशामा कुनै संतोषजनक प्रगति देखा परेको थिएन । यस्तो स्थितिमा श्री ५ को प्रत्यक्ष शासनको वुद्द तीन दिन भित्रै प्रतिबन्धात्मक कारवाईलाई हटाइनु यस कुराको स्पष्ट संकेत हो कि पत्र पत्रिकाहरूले आफ्नो स्वस्थ विकासको राम्रो वातावरण निर्माण गर्न सक्नेछन् ।

यस पाइलाको हामी हार्दिक स्वागत गर्दछौं ।

श्री ५ बाट चालिबक्सेको हरेक कदम देशोत्थानका लागि सहायक सिद्ध भएको छ भन्ने आशयको आफ्नो अग्रलेखमा दैनिक **'फिलिंगो'** ले श्री ५ को गत पौष १ गतेको शाही घोषणाप्रति आफ्नो हर्षोद्गार प्रकट गर्दै भनेको छः–

हामीले बिगत २ गतेदेखि श्री ५ का नयां कदमबारे राजधानीको र विभिन्न जिल्लाबाट आएका समाचारहरू पढ्दै र सुन्दै आएका छौं र त्यसप्रति सबैले खुशी नै प्रकट गरेका छन् भन्ने पनि सुनेका छौं । यसबाट यही बुझिन्छ कि विघटित सरकारसंग सबै बेखुशी रहेछन् र त्यसको विघटन चाहेका रहेछन्, जुन कुरा श्री ५ बाट गरिबक्सियो । यो नै श्री ५ को सराहनीय कदम हो । यसलाई सब देशवासीले मुक्तकण्ठले स्वागत गरेका छन् ।

अब यो अर्को कुरा आउँछ, परिवर्तन पश्चात कस्तो समय आउंछ? त्यसमा जनताले अब बढी चाख लिएको जस्तो लाग्छ, किनभने बिगत १ गते भन्दा अघि अघिका व्यवस्थाबाट जनता सशंकित छ । जनता त सदाकाल सुख, अमन चैनसंग बस्न र देशमा शान्ति भएको र देश सम्वृद्धितिर लागेको हेर्न चाहन्छ । यिनै कुरालाई लिएर अब एउटा उत्सुकताको लहर जनतामा आएको छ ।

यसमा हामी त यही भन्छौं कि आजसम्म श्री ५ बाट जे जति कदम चालिबक्सेको छ, त्यसमा केवल देश र जनताकै हितको ख्याल राखिबक्सेको छ । त्यसैले अबका हाम्रा भावना यही हुनु पर्छ कि

देशोत्थानका लागि श्री ५ बाट चालिबक्सेको हरेक कदममा हामीले सक्रिय सहयोग दिनु पर्छ । यही नै आजको समयको मांग छ !

एक अर्को सम्पादकीयमा दैनिक **'फिलिंगो'** ले लेखेको छः–

श्री ५ बाट लिइबक्सेको कदमले जनताबाट जुन स्वीकार पायो त्यस्ता स्वीकार अघि कहिल्यै कुनै परिवर्तनले पाएन । यो सत्य सबैले स्वीकार गर्नै पर्छ । हामीलाई विशेष ज्ञान छ कि ने. कां. का आफ्नै सदस्य पनि सन्तुष्ट थिएनन्, यसको भनक हामीले गत अधिवेशनमा पाएका थियौं । जे पनि होस्, ने. कां. को सरकार खारेज भयो, त्यसैका साथ त्यस सरकारले गरेको भूल–चूक समस्त कुरो ।

पुरानो कथाले बिदा लियो, अब नयां दिनले पर्खेको छ । दस वर्षको त्रुटि दोहोरिने छैन । एउटा विश्वास श्री ५ को दह्रो उभाइ-बाट पाउन सकिन्छ, जुन कुराको इच्छा सारा नेपालले सधैं गरेको छ। फेरि एकपल्ट भटियारनीको चटाई टक टकाउन छोडेर देश विकास र समुन्नतिको निमित्त दह्रोसित कम्मर कसेर तयार हुनु पर्छ । अब हामी विश्वासका साथ काममा जुटौं कि हामी फेरि भूल दोषमा गाडिएर बस्ने छैनौं र उज्यालो भविष्यले हामीलाई पर्खेर बसेको छ ।

हाम्रो इतिहास आफ्नै किसिमको छ । यो इतिहासको परम्परा लाई कायम राख्नलाई हामीले अब लडाइं, झगडा तर्क बितर्कको जालबाट हटी एकै इच्छाले देश निर्माणको इतिहास बनाउन तयार हुनु पर्छ, यसैकारण हामी भन्छौं– हामीलाई नयां दिनले पर्खेको छ ।

यसै विषयमा हिन्दी दैनिक **'नेपाल टाइम्स'** ले पौष ५ गतेको आफ्नो सम्पादकीयमा भनेको छः—

केही हदसम्म अप्रत्याशित भए तापनि पौष १ गतेको घटनालाई अस्वाभाविक भन्न सकिन्न । जो समाचारपत्र आदि पढ्ने गर्छन तिनीहरूलाई त यस कुराको संकेत एक दुइ चोटि प्राप्त पनि भैसकेको थियो । श्री ५ महाराजाधिराजबाट समय समयमा परोक्ष या प्रत्यक्ष रूपबाट वर्तमान सरकारलाई देशमा भैरहेका खेदजनक घटनाहरू

प्रति सचेत गरिबक्सेको थियो। तर आफ्नो अत्यधिक बहुमतको विजयको मदमा रही आफ्नो अदूरदर्शिताको परिणाम स्वरूप कोइराला मन्त्रिमण्डलले श्री ५ को संकेतको अवहेलना गर्दै रह्यो। परिणाम स्वरूप देशमा एक पछि अर्को कैयौं दुःखद घटनाहरू घटे जो प्रजातन्त्र प्रेमी एवं देशभक्त स्वाभिमानी श्री ५ महाराजाधिराजको लागि सहिबक्सनु असम्भव भयो।

**"शाही घोषणा र अराष्ट्रवादी तत्व"** शीर्षक दिएर **'स्वतन्त्र समाचार'** ले सोही गतेको आफ्नो सम्पादकीयमा भनेको छः– हिजो अचानक निर्वाचित कोइराला सरकार विघटित भयो, यसो गर्दा श्री ५ महेन्द्रलाई कम चोट पर्‍यो होला भन्न सकिन्न किनभने मौसूफकै इच्छानुसार देशमा महानिर्वाचन भएको हो र नेपाली काँग्रेसले बहुमत प्राप्त गरी सरकार बनाएको हो। राष्ट्रनायकबाट शाही घोषणामा अराष्ट्रवादी तत्व प्रोत्साहित भएको कुरा पनि उद्घोषित भएको छ, कोइराला सरकारले अराष्ट्रवादी शक्तिलाई पर्याप्त खेल्न दिएको थियो भन्ने कुरालाई इन्कार गर्न सकिन्न। अराष्ट्रिय तत्व प्रोत्साहित भई राष्ट्रिय एकतामा समेत बाधा पर्ने वातावरण सीर्जित भएको कुरा महसूस गर्नु राष्ट्रनायकको ठूलो दूरदर्शिता हो। हामी सम्झन्छौं, देशमा भएका विभिन्न अशान्तिमूलक घटनाको मूल स्रोत– अराष्ट्रवादी शक्ति नै हो, अराष्ट्रवादी– तोडफोडमा मात्र विश्वास गर्ने शक्तिले आफ्नो स्थितिलाई तागतिलो बनाएको कुराबाट सबै राष्ट्रवादी शक्तिले कोइराला सरकारलाई हिदायत दिएका हुन् अतः एतत्सम्बन्धी शाही घोषणा वस्तुस्थितिको उद्बोधक छ।

स्थानीय अंग्रेजी दैनिक **'मदरल्याण्ड'** ले नयाँ परिस्थितिबाट आइपरेको ठूलो अभिभारा वहन गर्ने क्षमता श्री ५ महाराजाधिराजमा मात्र छ भन्ने आफ्नो मत प्रकट गर्‍यो।

**'महान् उत्तरदायित्व'** शीर्षक पौष ८ गतेको आफ्नो सम्पादकीयमा **"मदरल्याण्ड"** ले भनेको छः—

प्रजातन्त्र, राष्ट्रिय एकता र सार्वभौमिकताका सिद्धान्त अनुसरण गरी श्री ५ महाराजाधिराजबाट ठूलो दायित्व उठाइबक्सेको छ। त्यस ऐतिहासिक कदमको समयानुकूलता र वान्छनीयताको विभिन्न व्यक्ति, संस्था र महत्वपूर्ण राजनीतिक क्षेत्रहरूबाट व्यापक सह्नी भएको छ, मानो इतिहासले नै मौसूफको काँधमाथि यो गहन भार बिसाएको छ।

यस अधिराज्यका जनसाधारणले श्री ५ को वाणी, कार्य तथा विचार उपर सधैं ठूलो आस्था राखी आएका छन् र यसपालि त्यो आस्था झन्-झन् बढ्दो छ, जस्तो कि हामी दिनहुँ देख्दैछौं। नैतिकता, राष्ट्रिय एकता र सार्वभौमिकता तथा प्रजातन्त्र जस्ता महत्वपूर्ण लक्षहरूको संरक्षण गर्न नै वर्तमान कदम उठाउन श्री ५ वाध्य भै बक्सेको हो र त्यही कारणहरूले गर्दा जनता पनि श्री ५ उपर आफूले राखेको आस्था न्यायोचित भएको ठान्दछ। हाम्रो त यही मत छ कि श्री ५ बाहेक कोही पनि नेपाललाई प्रजातन्त्र–पद्धतितिर विकास गर्दै लान अधिकार सम्पन्न छैन। त्यसकारण वर्तमान परिस्थितिमा कसैबाट पनि हुन नसक्ने राष्ट्रिय कर्तव्यलाई श्री ५ बाट स्वयं पालन गरिबक्सेको छ।

अंग्रेजी दैनिक "**कमनर**" ले आफ्नो पौष ६ गतेको सम्पादकीयमा देश भरका अखबारहरूले प्रजातन्त्र प्रेमी राष्ट्रनायक प्रति प्रशस्त श्रद्धा गर्दै छन् भन्ने कुरो व्यक्त गर्दै भनेको छ– श्री ५ महाराजाधिराजप्रति देशभरका समस्त पत्र- पत्रिकाहरूको पूर्ण आस्था छ।

गत पौष १ गते जनताका नाम श्री ५ महाराजाधिराजबाट बक्सेको शाही घोषणा प्रति आफ्नो हर्षोद्‌गार प्रकट गर्दै दैनिक हिन्दी "**नेपाली**" ले पौष १० गते निम्न सम्पादकीय प्रकाशित गरेको छः--

शाही घोषणामा जस्तो भावना प्रकट गरिएको छ त्यसबाट देशको कल्याण हुने र राष्ट्रिय जीवन निर्माणको ठोस बाटो निर्धारित हुन सक्ने आशा भएको छ। श्री ५ महाराजाधिराजबाट देशलाई मौलिक र प्रजातान्त्रिक अधिकारले सम्पन्न संविधान बक्सियो र दृढ निश्चयका

साथ महानिर्वाचन सम्पन्न गराइबक्सियो तर निर्वाचित सरकारको शासन कालमा राष्ट्रहितलाई जुन तवरबाट पन्छाइयो त्यो साह्रै दुःख लाग्दो कुरा हो। नेपाली काँग्रेसले दलीय हितलाई सर्वोपरि राखेकोले देशमा शान्ति सुव्यवस्था अनिश्चित रहिरह्यो र परराष्ट्र जस्तो महत्वपूर्ण प्रश्न बारे पनि अस्पष्ट नीति देखियो। यस परिस्थितिमा देशको जन-जीवन आशंकाले त्रस्त भएर भित्रै भित्र पिल्सिरहेको थियो। देशमा उत्पन्न यस किसिमको मनोवैज्ञानिक अनिश्चिततालाई बुझेर श्री ५ बाट जुन कदम उठाइबक्सियो त्यसबाट मौसूफले परिस्थितिलाई घतलाग्दो तवरबाट अध्ययन गरिबक्सेको रहेछ भन्ने प्रष्ट थाहा हुन्छ।

नेपाली काँग्रेसको मन्त्रिमण्डललाई विघटन गर्नुको अर्थ देशमा प्रजातन्त्रको अन्त्य भनी ठहऱ्याउन सकिन्न। राष्ट्रिय एकताका एकमात्र प्रतीक राजमुकुट प्रति सम्पूर्ण देशको आस्था छ। यो आशा गर्न सकिन्छ कि मौसूफबाट यस्तो व्यवस्था गरिबक्सने छ जसबाट राष्ट्रको कल्याण होस्, देशको निर्माण हुन सकोस् र देशवासी विकासतर्फ लम्किन सकुन्।

पौष १ गतेको शाही घोषणाबाट मन्त्रिमण्डल र संसद भङ्ग गरिबक्सिए तापनि राम्ररी विचार गरी हेरे प्रजातन्त्र खतम भएको छैन भन्दै "**नेपालभाषा पत्रिका**" ले आपनो पौष ३ गतेको सम्पादकीयमा लेखेको छ कि संसारको इतिहासले यही सिद्ध गरेको छ कि जनताले पाएका अधिकार कुनै देशमा कहिल्यै पनि अपहरण भएको छैन। बि. सं. १९९७ साल देखिको नेपाली इतिहासको सार प्रस्तुत गर्दै उक्त सम्पादकीयमा भनिएको छ कि सरकारको साटफेर भए तापनि प्रजातन्त्र दिगो नै रहेको छ। अहिलेको परिस्थितिको चर्चा गर्दै सम्पादकीयमा भनिएको छ कि नेपाली काँग्रेसको सरकार विघटन गरियो र नेपाली काँग्रेस असफल रह्यो तर प्रजातन्त्र कायमै छ।

दैनिक '**हालखबर**' ले २०१७ पौष ६ गते शुक्रबारको अंकमा "**नेहरूज्यूको हतपत**" शीर्षक सम्पादकीयमा लेखेको छः—

भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरूले नेपालमा हालैको घटनाहरूको सम्बन्धमा भारतीय संसदको दुवै सदनमा व्यक्त गर्नुभएको विचारहरू-लाई केलाएर हेर्दा नेहरूको समक्ष हाम्रो देशको यथार्थ वस्तुस्थिति स्पष्ट रूपले नभएको हुनाले नै नेपालको घटनाबारे नेहरूको प्रतिक्रिया एकाङ्गी, अमिल्दो र आपसमा बाझिएका अनुभव गर्दै नेपाल - भारत मैत्रीमा कुनै आंच नआवस् भन्ने अभिप्रायले आज हामी विषय वस्तु बारे केही लेख्न चाहन्छौं ।

नेहरूले राज्य सभाको भाषणमा नेपालमा प्रजातंत्रले पल्टा खायो भन्दै अब पुनः नेपालमा प्रजातन्त्र आउने सम्भावनामाथि सन्देह प्रकट गर्नुभएको छ तेस्ले गर्दा नेपालीहरूको मनमा ठूलो चोट पुऱ्याएको छ । प्रजातन्त्र केवल भावनाको वस्तु होइन, आचरणको चीज हो । कोइराला सरकारको मन्त्रिमण्डल भंग गर्दैमा नेपालबाट प्रजातन्त्र नै लोप हुन्छ भन्ने कुरामा हामी सहमत हुन सक्तैनौं । केरालामा चुनि-एर आएको राम्रो बहुमत प्राप्त सरकार भारतका राष्ट्रपतिद्वारा विघटित गरिदा केरालाबाट प्रजातन्त्र समाप्त भएन भने नेपालमा प्रजातन्त्र कसरी समाप्त होला ? हाम्रो देशको शान्ति सुव्यवस्थाको आखिरी जिम्मेदारी भारतमा जस्तो संसदमा न रही श्री ५ मा नै रहेको छ भन्ने कुरा नेहरूजीलाई थाह होवैन भनेर मान्न सकिंदैन । हाम्रा श्री ५ महाराजाधिराज वस्तुतः कतिको प्रगतिशील र प्रजातन्त्र प्रेमी होइबक्सिन्छ भन्ने कुरा मौसूफको उदय भएदेखिको आजसम्म मौसूफ-बाट भएका काम कार्यवाहीबाट स्पष्ट प्रमाणित भइसकेको छ । यस परिस्थितिमा प्रजातन्त्र नेपालबाट समाप्त होला भन्न हामी सक्तैनौं। नेहरूजी नपालमा बृटेनको जस्तो प्रजातान्त्रिक व्यवस्थाको परिकल्पना गर्नु हुन्छ भने उहाँ व्यावहारिकता देखि ज्यादै टाढा हुनुहुन्छ भन्नु पर्दछ । नेपालको आजको जुन परिस्थिति छ त्यस्मा पूर्ण प्रजातन्त्र– जस्तो नेहरूजी चाहनु होला– लाद्ने हो भने- दूध पिउने बालकलाई एक मानाको भात कोचाएको जस्तो हुनेछ जस्को परिणाम देशको निमित्त

अत्यन्त घातक सिद्ध हुनेछ ।

जहाँसम्म 'अस्पष्ट आरोप' भन्ने नेहरूको भनाइछ त्यसमा पनि हामी बिल्कुल असहमत छौं । 'अस्पष्ट आरोप' होइनन् बरु साधारण सत्य र तथ्य हुन् । पदच्यूत कोइराला सरकारको १८ महीने शासनकालमा देशका प्रजातन्त्र प्रेमी पार्टीहरूले बेला बेलामा आ-आफ्ना वक्तव्य, भाषण र प्रदर्शनद्वारा प्रकाशमा ल्याइएको कोइरालाको अधिनायकवादी प्रवृत्तिका प्रमाणहरू; देशका निर्भीक र निष्पक्ष पत्र-पत्रिकाहरूले प्रकाश गरेका कोइराला सरकारका भ्रष्टाचार, नातावाद, कृपावाद सम्बन्धी खबरहरूलाई हाल पकडिएका मन्त्रीहरूको घरको खानतलाशीबाट निस्केका कागजात, मालसामान र विना लाइसेन्सका हातहतियारका रिपोर्टहरूले प्रमाणित गरेका छन् । तेसकारण श्री ५ बाट लगाइबक्सेका आरोपहरूलाई 'अस्पष्ट' भनी नेहरूजीले कुन तर्कको आधार लिनु भयो आफ्ना दैनिक जीवनमा भोग्नु पर्ने नेपाली जनताले बुझ्न सकेनन् ।

विना मुआवजा समय नै नदिई केवल कोरा आर्थिक सिद्धान्तको आधारमा बिर्ता उन्मूलन गरी तज्जन्य बेकारी, भुखमरी परिणामको सुरक्षात्मक रोकथाम नै नहुँदा परम्परागत जनजीवनको आर्थिक स्थितिलाई नै खलबल्याउने भएकोले नेपाली जनताको जीवनमा आघात गर्ने कोइराला सरकारको आर्थिक नीतिलाई नेहरूले कसरी सह्राउन भयो बडो गजबको कुरा छ ।

लगातार एक वर्षसम्म काठमाण्डू नजिकका जिल्लामा अशान्ति रहंदा पनि शान्ति सुव्यवस्थासम्म गर्न नसक्ने सरकारले देशमा उठाएको देशद्रोही कदमको विरुद्ध श्री ५ बाट आफ्नो सम्वैधानिक अधिकारको प्रयोग र कर्तव्यको पालना गरिबक्सेकोमा नेहरूले यसरी तथ्य बाहिर बसी हतपताएर बोल्नु भएकोमा नेपाल-भारत मैत्रीका पक्षपाती नेपाली जनताको विचारमा नेपाल-भारतको आजसम्म रहिआएको निकटतम आपसी सम्बन्ध टाढा हुँदैजानेछ ।

KTM, NEPAL LIBRARY

ल-३२१३

गोरखापत्र छापाखाना काठमाडौंमा मुद्रित।